नेपाल सरकार

वन तथा वातावरण मन्त्रालय

सिंहदरबार



सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ५(३) र सोसम्वन्धी नियमावली, २०६५ को नियम ३ बमोजिम वन तथा वातावरण मन्त्रालय र अन्तर्गतका निकायको २०८२ साउनदेखि असोजसम्म तीन महिनामा सम्पादित कामको अद्यावधिक विवरण

नेपाल सरकार
वन तथा वातावरण मन्त्रालय
सिंहदरबार, काठमाडौं

१ मन्त्रालयको स्वरुप र प्रकृति

नेपाल सरकार, वन तथा वातावरण मन्त्रालय काठमाडौको सिंहदरबारमा रहेको छ । मन्त्रालयमा छ वटा महाशाखा र छब्बिसवटा शाखाहरु रहेका छन् । हाल यस मन्त्रालयमा एकजना मा. मन्त्रीज्यू र एकजना मा. राज्यमन्त्रीज्यू समेत रहनुभएको छ । मन्त्रालयमा राजपत्राङ्कित विशिष्ट श्रेणीं, (प्राविधिक) तर्फको एकजना सचिव, महाशाखा प्रमुखको रुपमा सहसचिव र शाखा प्रमुखको रुपमा उपसचिव रहने व्यवस्था छ । यस मन्त्रालय अन्तर्गत चार विभाग, एक वन अनुसन्धान तथा प्रशिक्षण केन्द्र, एक रेड (Reducing Emissions from Deforestation and Forest Degradation) कार्यान्वयन केन्द्र समेत गरी छ वटा विभागस्तरीय निकायहरु छन् । यसका अतिरिक्त मन्त्रालय मातहत सार्वजनीक संस्थान- नेपाल वन निगम लिमिटेड र जडिबुटी उत्पादन तथा प्रशोधन कम्पनी लिमिटेड र दुईवटा समिति- राष्ट्रपति चुरे-तराई मधेस विकास संरक्षण समिति र वन पैदावर विकास समिति रहेका छन् । राष्ट्रिय ताल संरक्षण विकास समिति भने आ. ब. २०८०/८१ मा खारेज गरिएको छ । राष्ट्रिय प्रकृति संरक्षण कोषको पनि सम्पर्क मन्त्रालय वन तथा वातावरण मन्त्रालय रहेको छ । वन पैदावर विकास समिति अन्तर्गत सागरनाथ वन विकास परियोजना र रतुवामाई वृक्षारोपण परियोजना संचालित छन् । यो मन्त्रालय मुलतः वन तथा वातावरण क्षेत्रका प्राविधिक जनशक्ति रहेको मन्त्रालय हो । साथै, प्रशासन, कानून, लेखा समूह र इन्जिनियरिङ्ग सेवाका जनशक्ति पनि मन्त्रालयमा कार्यरत छ ।

२ मन्त्रालयको काम, कर्तव्य र अधिकार

वन तथा वातावरण मन्त्रालयको मूल उद्देश्य नेपालको **वनको दिगो व्यवस्थापन तथा वातावरण संरक्षण र व्यवस्थापन** गर्ने रहेको छ । वातावरणीय स्वच्छता कायम राख्दै जलवायु परिवर्तन न्यूनीकरण तथा अनुकूलनका कृयाकलापमार्फत जनताको जीविकोपार्जनमा सकारात्मक टेवा पुऱ्याउनेपनि मन्त्रालयको जिम्मेवारी भित्र पर्दछ। प्रस्तुत परिप्रेक्ष्यमा वार्षिक तथा आवधिक योजना, दिगो विकास लक्ष्य (२०३० का १७ वटा लक्ष्यमध्ये मूलतः १३ औं लक्ष्य (Climate Action) सँग सम्बन्धित लक्ष्यहरु हासिल गर्ने मार्गदर्शन र नीति अन्तर्गत मन्त्रालयले काम गर्ने गरेको छ । हरित विकासको अवधारणा अनुरुप मानवीय क्रियाकलाप र विकास प्रकियालाई वातावरणमैत्री बनाउदै जलवायु परिवर्तनको प्रतिकूल असरसँग अनुकुलित हुने अवस्था सृजना गरी मुलुकको समिष्टगत दिगो विकासमा जलवायु परिवर्तनले पार्ने प्रभावलाई न्यूनीकरण गर्दै वातावरण संरक्षण गर्ने जिम्मेवारी पनि मन्त्रालयको रहेको छ ।

नेपाल सरकार (कार्य विभाजन) नियमावली, २०७४ अनुसार यस मन्त्रालयबाट सम्पादन गरिने कार्यहरु निम्नानुसार रहेका छन् -

१ वन सम्बन्धी नीति, कानून र मापदण्ड नियमन ;
२ राष्ट्रिय वनको सर्भेक्षण, वर्गीकरण, नापनक्स र सीमाङ्कन ;
३ निजी वन, सार्वजनिक वन, धार्मिक वन, सामुदायिक वन, साझेदारी वन, कबुलियती वन, चक्ला वन सम्बन्धी नीति, कानून, मापदण्ड ;
४ वन्यजन्तु र चराचुरुङ्गी सम्बन्धी नीति, कानून र मापदण्ड;
५ राष्ट्रिय निकुञ्ज, वन्यजन्तु आरक्ष तथा सिकार आरक्ष र सिमसार क्षेत्रसम्बन्धी नीति, कानून, मापदण्ड योजना तथा कार्यान्वयन ;
६ हात्तीसार ;

७ प्राणीउद्यान (चिडियाखाना) सम्बन्धी नीति, कानून र मापदण्ड;

८ मध्यवर्ती क्षेत्र तथा संरक्षण क्षेत्र व्यवस्थापन सम्बन्धी नीति र मापदण्ड;

९ जैविक विविधता, प्राकृतिक वातावरण संरक्षण, सदुपयोग र स्रोतको व्यवस्थापन;

१० वन्यजन्तु, जैविक विविधता र वन पैदावार ओसारपसार एवं अपराध नियन्त्रण सम्बन्धी नीती , कानून, मापदण्ड, कार्यान्वयन र नियमन;

११ वन क्षेत्र अतिक्रमण र वन क्षेत्रको भू-उपयोगको परिवर्तन;

१२ वनस्पति उद्यान र वनस्पति पहिचान तथा अभिलेखीकरण सम्बन्धी नीति, कानून र मापदणड

१३ हर्बोरियम व्यवस्थापन;

१४ वनस्पतिहरुको रसायनिक गुणहरुको परीक्षण, प्रयोगशाला, प्रत्यायन, प्रमाणीकरण र गुणस्तर;

१५ आनुवांशिक स्रोत, दुर्लभ तथा लोपोन्मुख प्रजानति र आयातित प्रजाति;

१६ वातावरण, जलवायु परिवर्तन, जलवायु परिवर्तन अनुकूलन, न्यूनीकरण सम्बन्धी नीती , कानून र मापदण्ड;

१७ कार्बन सेवा र कार्बन सञ्चिति;

१८ अन्तर प्रादेशिक जङ्गल, हिमाल, वन, संरक्षण, सम्बर्द्धन र व्यवस्थापन सम्बन्धी नीती , कानून, मापदण्ड, कार्यान्वयन र नियमन;

१९ अन्तरदेशीय वन तथा वन्यजन्तु सम्बन्धी विषय;

२० वन, वनस्पति, वातावरण तथा जलवायु परिवर्तन सम्बन्धी अध्ययन अनुसन्धान;

२१ प्राकृतिक नदी नाला, ताल तलैया, पोखरी, सीमसार एवं जलाधार क्षेत्रको वातावरणीय संरक्षण एवं स्वच्छता कायम सम्बन्धी नीति, कानून, मापदण्ड र नियमन;

२२ वायु र वायुमण्डलको गुणस्तर, मापदण्ड, अनुगमन र लेखाजोखा;

२३ हरित अर्थतन्त्र सम्बन्धी नीति र मापदण्ड;

२४ विकिरण, जल, ठोस, तापीय, नाभकीय, विद्युतीय, चुम्बकीय, रसायन, ध्वनी लगायतका प्रदुषण नियन्त्रण;

२५ हरितगृह ग्यासको मापदण्ड र नियमन;

२६ राष्ट्रिय स्तरमा वातावरणीय सूचना प्रणाली;

२७ वातावरणीय प्रभाव अध्ययन सम्बन्धी नीति, कानून, मापदण्ड र नियमन;

२८ राष्ट्रपति चुरे तराई मधेश संरक्षण विकास समिति, राष्ट्रिय प्रकृति संरक्षण कोष;

२९ सशस्त्र वन रक्षक;

३० मन्त्रालय सम्बन्धी राष्ट्रिय अन्तराष्ट्रिय संघ संस्थासँग सन्धि, सम्झौता, अभिसन्धि, सम्पर्क र समन्वय;

३१ मन्त्रालय सम्बन्धी सार्वजनिक संस्थान, प्राधिकरण, समिति, प्रतिष्ठान, कम्पनी आदिको सञ्चालन र नियमन;

३२ नेपाल वन सेवाको सञ्चालन ।

नेपाल सरकार वन तथा वातावरण मन्त्रालय सिंहदरबार, काठमाडौं

## ३ मन्त्रालयमा रहने कर्मचारी संख्या र कार्य विवरण

मन्त्रालयमा जम्मा १२९ जना निजामती कर्मचारीको दरबन्दी रहेको छ ।यी मध्ये अधिकांश प्राविधिक कर्मचारीको दरबन्दी रहेको छ भने प्रशासनिक र कानून सेवाका कर्मचारीहरु पनि रहेका छन् । मन्त्रालयमा कार्यरत १० जना हलुका सवारी चालक र १६ जना कार्यालय सहयोगी माली र स्वीपरमध्ये अधिकांश करारमा कार्यरत छन् । मन्त्रालयका काम कारवाही संगठन व्यवस्थापन तथा सर्वेक्षण प्रतिवेदन २०७५ मा दिइएका कार्य विवरण अनुसार मन्त्रालय अन्तर्गतका विभाग, केन्द्र, विकास समिति तथा वन विकास कोषमा कर्मचारी कार्यरत रहेका छन् ।

## ४ मन्त्रालयबाट प्रदान गरिने सेवा

नयाँ राज्य संरचना अनुसारको संगठन संरचना स्वीकृत भए पश्चात विगतमा वन तथा भू-संरक्षण मन्त्रालय र मातहतका निकायबाट प्रदान गरिदै आएका सेवाहरुमा समेत परिवर्तन भएको छ । मन्त्रालयले नेपाल सरकारबाट स्वीकृत कार्य विभाजन नियमावली बमोजिमका विषय क्षेत्रहरुमा सेवा प्रवाह गर्ने सेवा निम्नानुसार रहेका छन् -

- वन सम्पदाको वैज्ञानिक, समावेशी र सहभागितामूलक व्यवस्थापनद्वारा पारिस्थितिय सेवाको प्रवर्द्धन गर्ने।
- नेपालमा रहेका सबै प्रकारका वनहरुलाई दिगो वन व्यवस्थापन पद्धति अनुरुप व्यवस्थापन गर्नाका लागि आवश्यक नीति, नियम तथा मापदण्ड तय गर्ने।
- वन अतिक्रमण, अवैध कटानी तथा चोरी शिकार नियन्त्रणका लागि आवश्यक नीतिगत व्यवस्था गर्ने ।
- वन श्रोतमा आश्रित समुदायहरुको जीविकोपार्जनमा सुधारको लागि जडिबुटी, पर्यापर्यटन र वन सम्पदामा आधारित वातावरण मैत्री उद्योग व्यवसायको विकास गरी निर्यात प्रवर्द्धनमा सहयोग पुऱ्याउने ।
- वन तथा जलाधार संरक्षणको माध्यमबाट कृषियोग्य भूमिको संरक्षण र उत्पादकत्वमा बृद्धि, पानीमुहान, वन्यजन्तु र जैविक विविधताको संरक्षण, जलवायु शुद्धीकरण जस्ता मानव स्वास्थ्य रक्षा एवं प्रकृति संरक्षण र वातावरणीय स्वच्छता कायम राख्ने।
- वन स्रोतबाट प्राप्त हुने लाभहरुको समन्यायिक वितरणका लागि आवश्यक व्यवस्था गर्ने।
- जलवायु परिर्वतनका कारणले पर्नसक्ने सम्भावित असरहरुको आंकलन गरी उपयुक्त अनुकूलन एवं जोखिम व्यवस्थापन सम्वन्धी कार्यक्रम सञ्चालन गर्ने ।
- चुरे क्षेत्रको परिस्थितिकीय प्रणालीको दिगो व्यवस्थापन गर्ने ।
- जडिबुटी उत्पादन तथा प्रशोधन कार्यलाई सार्वजनिक र निजी क्षेत्रको साझेदारीमा सञ्चालन गर्न प्रोत्साहन गर्ने ।
- वन तथा वातावरण क्षेत्रका नीति, कार्यक्रम, बजेट र सेवालाई लैङ्गिक तथा सामाजिक रुपमा समावेशी र न्यायोचित बनाउने ।
- वन तथा वातावरण क्षेत्रमा वैदेशिक सहायतालाई राष्ट्रिय हित अनुकूल संचालन गर्ने ।
- वन क्षेत्रको प्रभावकारी संरक्षण, सम्वर्द्धन तथा व्यवस्थापन गर्नको लागि प्रचलित ऐन कानूनमा आवश्यक परिमार्जन गरी संस्थागत सुदृढीकरण र अनुगमन तथा मूल्याङ्कन प्रणालीलाई सुदृढ गर्ने ।

नेपाल सरकार
वन तथा वातावरण मन्त्रालय
सिंहदरबार, काठमाडौं

- रेड (REDD-reducing emissions from deforestation and forest degradation) को अवधारणा अनुसार विश्व व्यापारमा संलग्न हुन आवश्यक नीति तथा कार्यक्रम तर्जुमा गर्ने ।
- वातावरणीय स्वच्छता कायम गर्नका लागि नीति, मापदण्ड तथा कानूनहरुको निर्माण गर्ने ।
- जलवायु परिवर्तन न्यूनीकरण तथा अनुकूलनका कार्यक्रमहरु संचालन गर्ने ।
- वन तथा वातावरण क्षेत्रसँग सम्बन्धित विभिन्न स्रोतबाट प्राप्त उजुरीको सुनुवाई र छानवीन तथा अवस्था अनुसार फस्यौंट।

## ५ सेवा प्राप्त गर्न लाग्ने दस्तुर र अवधि

प्रचलित कानून र आर्थिक ऐन नियमानुसार हुने गरेको।

## ६ निर्णय गर्ने प्रक्रिया र अधिकारी

वन तथा वातावरण मन्त्रालयको कार्यक्षेत्र भित्र रहेका विभिन्न काम कारवाही गर्दा नेपाल सरकारले जारी गरेको सरकारी निर्णय प्रकृया सरलीकरण निर्देशिका, २०६५मा व्यवस्था भए अनुसार र प्रचलित कानून अनुसार विभिन्न तहबाट निर्णय हुने गरेको छ। सूचनाको हक सम्बन्धी ऐन, २०६४ बमोजिम माग गरिने सूचना सम्बन्धमा सूचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा ७ बमोजिम सूचना उपलब्ध गराउने गरिएको छ ।

## ७ निर्णय उपर उजुरी सुन्ने अधिकारी

मन्त्रालयबाट प्रवाह भएको सेवा सुविधाको विषयमा कुनै गुनासो भए वा चित्त नबुझेको खण्डमा मन्त्रालयका मा. मन्त्रीज्यू, सचिवज्यू र सम्बन्धित अन्य पदाधिकारी समक्ष उजुरी गर्न सकिने व्यवस्था रहेको छ । साथै, मन्त्रालयको सम्बन्धित महाशाखा वा शाखासंग सम्बन्धित कामको विषयमा प्रत्यक्ष रुपमा भेटी,, टेलिफोन, निवेदन वा इमेल र अन्य माध्यममार्फत समेत उजुरी/गुनासो गर्ने र सोको सुनुवाई गर्ने व्यवस्था गरिएको छ । सेवा प्रवाह संग सम्बन्धित गुनासोहरु उपर आवश्यक सहजिकरण गर्न यस मन्त्रालयको शासकीय सुधार शाखा प्रमुखलाई गुनासो सन्ने अधिकारीका रुपमा जिम्मेवारी तोकिएको छ । गुनासो संग सम्बन्धि सम्पर्कका लागि हटलाईन नं. +९७७-९७६१४२३६१६/इमेल **gunaso.mofe@gmail.com** रहेको छ।

## ८ कार्यक्रमको विवरण

मन्त्रालयको नियमित सेवा प्रवाहका कामका अतिरिक्त स्वीकृत बार्षिक कार्यक्रम तथा बजेट अनुसारका निम्न शीर्षक/उप-शीर्षक अन्तर्गत स्वीकृत कार्यक्रमहरु सम्पादन भएका छन् ।

१ वन तथा वातावरण मन्त्रालय
२ नेपाल जलवायु परिवर्तन सहयोग कार्यक्रम
३ रेड फरेष्ट्रि तथा जलवायु परिवर्तन कार्यक्रम
४ राष्ट्रपति चुरे संरक्षण कार्यक्रम
५ सम्वृद्धिका लागि वन
६ जलवायु उत्थानशिल चूरे कार्यक्रम
७ वन तथा भू-संरक्षण विभाग

८ डिभिजन वन कार्यालयहरू ( वन सुरक्षा सैनिक समेत )
९ राष्ट्रिय वन विकास तथा व्यवस्थापन कार्यक्रम
१० जलाधार संरक्षण तथा सीमसार व्यवस्थापन कार्यक्रम
११ जलाधारमा आधारित जलवायु उत्थानशील जीविकोपार्जन आयोजना
१२ जैविक विविधता तथा जलाधार व्यवस्थापन कार्यक्रम
१३ वनस्पति विभाग
१४ जडिबुटी विकास कार्यक्रम
१५ वनस्पति अनुसन्धान, संरक्षण तथा उद्यान विकास कार्यक्रम
१६ राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग
१७ राष्टिय निकुञ्ज सुरक्षा टोली (नेपाली सेना)
१८ हात्तीसारहरू
१९ राष्ट्रिय निकुन्ज तथा आरक्ष आयोजना
२० वन अनुसन्धान तथा सर्वेक्षण विभाग
२१ वन अनुसन्धान तथा सर्वेक्षण आयोजना
२२ वातावरण विभाग
२३ केन्द्रीय वन तालिम तथा प्रसार केन्द्र

- प्रदेश सरकारलाई सशर्त अनुदान
- स्थानीय तहलाई सशर्त अनुदान

मन्त्रालय अन्तर्गतका महाशाखा र शाखाले २०८२ को साउनदेखि असोजसम्म सम्पन्न गरेका कार्यहरुको विवरण तल प्रस्तुत गरिएको छ -

**१. प्रशासन महाशाखा**

**क. कानून तथा फैसला कार्यान्वयन शाखा**

- सम्मानित सर्वोच्च अदालतमा तथा सम्मानित अदालतहरुमा विभिन्न विषयमा १२ वटा लिखित जवाफ तयार गरी पठाइएको र ४७ वटा विभिन्न निकाय एंवम् कार्यालयहरुलाई पत्राचार गरिएको ।
- २७ वटा राय/परामर्श पेश गरिएको ।

**ख. आर्थिक प्रशासन शाखा**

- **खर्च तर्फ:** चालु खर्च रु. ४३,१८७,३७७।५४ (२२.८२%) भएको ।
- **बेरुजु तर्फ :**

| बेरुजु वर्गिकरण | जम्मा बेरुजु | फस्यौंट | बाँकी (रु हजारमा) |
|---|---|---|---|
| पेश्की बेरुजु | १५९१६६ | ० | १५९१६६ |
| नियमित गर्ने बेरुजु | १३४९७६९ | ८८४६ | १३४०९२३ |
| असुल गर्नु पर्ने बेरुजु | २२६०७३ | ० | २२६०७३ |
| जम्मा | १७३५००८ | ८८४६ | १७२६१६२ |

ग. शासकीय सुधार शाखाः उजुरी/गुनासो र सूचना सम्बन्धी विवरण

नेपाल सरकार वन तथा वातावरण मन्त्रालय सिंहदरबार, काठमाडौं

| क्र.सं. | उजुरी पठाउने निकाय | २०८२/८३ | साउन | भाद्र | असोज | जम्मा | कै |
|---|---|---|---|---|---|---|---|
| १. | प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयबाट प्राप्त उजुरी/गुनासो | प्राप्त गुनासो सङ्ख्या | २ | ० | ० | २ | |
| | | फछ्यौंट भएका गुनासो | २ | ० | ० | २ | |
| | | प्रक्रियामा रहेका गुनासो | | ० | ० | ० | |
| २. | हेलो सरकार कक्षबाट प्राप्त गुनसो/उजुरी | प्राप्त उजुरी सङ्ख्या | ९ | ९ | १४ | ३२ | |
| | | फछ्यौंट भएका उजुरी | ८ | ९ | १२ | २९ | |
| | | प्रक्रियामा रहेका उजुरी | १ | ० | २ | ३ | |
| ३. | अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट प्राप्त उजुरी/गुनासो | प्राप्त उजुरी सङ्ख्या | ३ | ७ | १ | ११ | |
| | | सुझाव तथा निर्णय कार्यान्वयन | १ | १ | ० | २ | |
| | | फछ्यौंट भएका उजुरी | ३ | ६ | १ | १० | अघिल्लो आर्थिक वर्षमा बाँकी भएको उजुरी साउन, भाद्र र असोज महिनामा फछ्यौंट भएको |
| | | प्रक्रियामा रहेका उजुरी | १ | ३ | ० | ४ | |
| ४. | यस मन्त्रालयमा दर्ता भएका उजुरी/गुनासो | प्राप्त उजुरी सङ्ख्या | २ | ० | ३ | ५ | |
| | | फछ्यौंट भएका उजुरी | २ | ० | २ | ४ | |
| | | प्रक्रियामा रहेका उजुरी | | ० | १ | १ | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ५. | राष्ट्रिय सतर्कता केन्द्रबाट प्राप्त उजुरी/गुनासो | प्राप्त उजुरी सङ्ख्या | | ० | ० | | |
| | | फछ्र्यौट भएका उजुरी | | ० | ० | | |
| | | प्रक्रियामा रहेका उजुरी | | ० | ० | | |
| ६. | सूचनाको हक अन्तर्गत विभिन्न माध्यमबाट माग भई प्रदान गरिएका सूचनाहरुको संख्या | टेलिफोन | २१ | २७ | १८ | ६६ | |
| | | ईमेल | ८ | ११ | ६ | २५ | |
| | | पत्र | ० | १ | २ | ३ | |
| | | प्रत्यक्ष | २ | ३ | २ | ७ | |
| | | कुल जम्मा | | | | २०६ | |

२. योजना अनुगमन तथा समन्वय महाशाखा

क. कार्यक्रम तथा योजना शाखा

१. आर्थिक वर्ष २०८२।८३ को स्वीकृत वजेट तथा कार्यक्रम कार्यान्वयन सम्बन्धमा, श्री अर्थ मन्त्रालयबाट प्राप्त **आर्थिक वर्ष २०८२।८३ को वजेट कार्यान्वयन सम्बन्धी मार्गदर्शन** महाशाखाहरु तथा मन्त्रालय मातहतका निकायहरुमा पठाईएको तथा कार्यक्रम कार्यान्वयनको लागि संवत् २०८२ साउन मसान्तभित्र आवश्यक पर्ने कार्यविधि स्वीकृत गराईसक्नु हुन भनी पत्राचार गरिएको।

२. हरित जलवायु कोषको आर्थिक सहयोग तथा नेपाल सरकारसंग भएको वित्तीय तथा कार्यान्वयन सम्झौताको अधिनमा रही कार्यान्वयनमा आएको गण्डकी जलाधार जलवायु उत्थानशील आयोजना (Gandaki Basin Climate Resilient Project - GBCRP) को प्राप्त अनुदान रकममध्ये राष्ट्रिय प्रकृति संरक्षण कोषलाई उपलब्ध गराईएको, खर्च भई बाँकी रहेको रु ४,४०,९८,६२३/- राजस्व शीर्षक अनुदान फिर्ता खातामा जम्मा गरेकोले सो रकमलाई हरित जलवायु कोष (GCF) नगद अनुदान खातामा फिर्ताका लागि आवश्यक प्रक्रिया अगाडी बढाउन श्री अर्थ मन्त्रालयमा अनुरोध गरी पठाईएको।

३. एसियाली विकास बैंकको सहयोगमा सन्चालित **जलवायु उत्थानशील भू-परिधि तथा जीविकोपार्जन आयोजना (CRLLP)** को चालु आ.व. २०८२।८३ मा विनियोजन भएको वजेटबाट आयोजनाको Project Administration Manual (PAM) मा व्यवस्था भएको खरिद योजना अनुसार सातवटा चारपाङ्ग्रे सवारी साधन खरिद गर्न सहमतीका लागि श्री अर्थ मन्त्रालयमा अनुरोध गरी पठाईएको।

४. बागमती प्रदेश सरकार, वन तथा वातावरण मन्त्रालयबाट अनुरोध भई आए अनुसार, चालु आ.व. २०८२।८३ को लागि संघीय सशर्त अनुदानतर्फ, **नेपालमा जलबायु परिवर्तनमा समुदायको समानुकुलनको लागी जलाधार व्यवस्थापन**

(MaWRiN) परियोजनाको बागमती प्रदेशको लागि एकमुष्ट विनियोजन भएको वजेट तथा कार्यक्रमको बाँडफाँटलाई LMBIS मा प्रविष्टीको लागि श्री अर्थ मन्त्रालयमा अनुरोध गरी पठाईएको।

५. **वन विकास कोष संचालन कार्यविधि, २०८२** सहमतीका लागि श्री अर्थ मन्त्रालयमा अनुरोध गरी पठाईएको।

६. चालु आ.व. २०८२।८३ को स्वीकृत वार्षिक कार्यक्रम कार्यान्वयनको लागि वातावरण विभागबाट प्राप्त वातावरण जर्नल प्रकाशनको कार्यक्रम कार्यान्वयन कार्यविधि, वन तथा भू-संरक्षण विभागबाट प्राप्त भएको वार्षिक कार्यक्रम कार्यान्वयन कार्यविधि, वन अनुसन्धान तथा प्रशिक्षण केन्द्रबाट प्राप्त भएको वार्षिक कार्यक्रम कार्यान्वयन कार्यविधि, एकीकृत भू-परिधि व्यवस्थापन आयोजनाको संघीय तथा प्रदेश सशर्त अनुदानतर्फको कार्यक्रम कार्यान्वयन कार्यविधि, नेपाल जलवायु नमुना कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८२, चुरे उत्थानशील आयोजना, कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८२ मा सहमतिको लागि श्री अर्थ मन्त्रालयमा अनुरोध गरी पठाईएको।

७. चालु आ.व. को वजेट तथा कार्यक्रम कार्यान्वयन गर्ने सम्बन्धमा, श्री अर्थ मन्त्रालयको पत्र संख्या २०८२/८३, वजेट, च..नं. ११६ मिति २०८२।०६।०७ को **निर्णय कार्यान्वयन गर्ने/गराउने सम्बन्धमा** विषयक पत्रलाई कार्यान्वयनको लागि मातहतका विभाग/निकायमा पत्राचार गरिएको।

८. हरित जलवायु कोष Green Climate Fund (GCF) को अनुदान तथा FAO-TA को प्राविधिक सहयोगमा यस मन्त्रालय अन्तर्गत कार्यान्वयन भई रहेको चुरे उत्थानशील आयोजनाको सम्बन्धमा, नेपाल सरकार (मन्त्रिपरिषद्) को मिति २०८२/६/५ गतेको निर्णय बमोजिम अर्थ मन्त्रालयको च.नं. ११६, मिति २०८२।०६।०७ को निर्णय कार्यान्वयन गर्ने/गराउने सम्बन्धमा विषयको पत्र र मिति २०८२/०६/०७ गतेको प्रेस विज्ञप्तिको बुदा नं क १४ मा व्यवस्था भएको उपभोक्ता समितिबाट कार्यान्वयन नगर्ने/ नगराउने निर्णय र आयोजना अन्तर्गतका तालिम गोष्ठीहरु संचालन गर्ने सम्बन्धमा अर्थ मन्त्रालयको सोहि निर्णयको बुँदा ग.६(क) सम्बन्धमा वैदेशिक स्रोतबाट सन्चालित उक्त आयोजनाको हकमा आवश्यक सहजीकरणको लागि श्री अर्थ मन्त्रालयमा अनुरोध गरी पठाईएको।

९. अर्थ मन्त्रालयबाट माग भई आए अनुसारको यस मन्त्रालय अन्तर्गत स्रोत सहमती/बहुबर्षिय ठेक्का सहमती दिईएको आयोजना सम्बन्धी विवरण र आ.व. २०८१/८२ को वजेटको वार्षिक प्रगति सम्बन्धी विवरण अर्थ मन्त्रालयमा पठाईएको।

१०. चालु आ. व. २०८२।८३ को लागि, वन अनुसन्धान तथा प्रशिक्षण केन्द्रबाट अनुरोध भई आए अनुसार, केन्द्रको स्वीकृत वजेट तथा कार्यक्रममा अनिवार्य दायित्व तर्फ अपुग भएको दुई करोड, बयानब्बे लाख, चौहत्तर हजार, छ सय चौहत्तर रुपैया, अठी पैसा (रु. २,९२,७४,६७४.८०) थप वजेट व्यवस्थाको लागि श्री अर्थ मन्त्रालयमा अनुरोध गरी पठाईएको।

ख. अनुगमन तथा मूल्यांकन शाखा

| सि.नं. | कृयाकलापहरू | मिति | उपलब्धि | कै |
|---|---|---|---|---|
| १. | आ.व. ०८२/०८३ को नीति तथा कार्यक्रम, बजेट वक्तव्य बमोजिमको प्रत्येक महिनाको प्रगति प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको एकीकृत अनुगमन प्रणालीमा अनलाइन प्रविष्टि गर्नको लागि मातहतका निकाय र प्रदेश वन तथा वातावरण मन्त्रालयसँग विवरण माग गरी एकीकृत तथ्याङ्क तयार गरिएको। | प्रत्येक महिनाको ५ गतेभित्रमा। | एकीकृत तथ्याङ्क उपलब्ध भएको। | |
| २. | आ.व. ०८२/०८३ को नीति तथा कार्यक्रम, बजेट वक्तव्य बमोजिमको प्रत्येक महिनाको प्रगति प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको एकीकृत अनुगमन प्रणालीमा अनलाइनमार्फत प्रविष्टि, टिप्पणी र रेटिङ गरिएको | प्रत्येक महिनाको ७ गतेभित्रमा। | प्रगतिको वस्तुगत मूल्याङ्कन गरी भावी कार्ययोजना निर्माण गर्न सजिलो भएको। | |
| ३. | शाखामा प्राप्त भएका सबै पत्रवाट माग भए अनुसारको प्रगति विवरण/विवरण (अन्य निकायसँग समन्वय गरी विवरण प्राप्त गर्नुपर्ने भएमा ती निकायबाट विवरण प्राप्ति पश्चात एकीकृत गरी) सम्वन्धित निकायमा पठाइएको। | पत्र प्राप्त भएकै मितिमा। यदि प्राप्त भएकै मितिमा कार्य सम्पन्न गर्न नसकेमा सो दिनको भोलिपल्ट एवम् समयसीमा तोकएकाको हकमा तोकिएको समयसीमाभित्र। | विवरण छिटो उपलब्ध भई कार्य प्रभावकारितामा वृद्धि भएको। | |
| ४. | आ.व ०८१/०८२ को वार्षिक प्रगति समीक्षा एवं मन्त्रालयस्तरीय विकास समस्या समाधान उप समिति (Pre-MDAC) को बैठक सम्पन्न गरिएको। | २०८२/०४/१५ | कार्यक्रम र पूँजीगत खर्चको समीक्षाबाट पृष्ठपोषण प्राप्त भई थप कार्य प्रभावकारिता र मार्गनिर्देशनका लागि सहयोग पुगेको। | |

| | | | | |
|---|---|---|---|---|
| ५. | आ.व ०८१/०८२ को वार्षिक प्रगति समीक्षा एवं मन्त्रालयस्तरीय विकास समस्या समाधान समितिको बैठक (MDAC) सम्पन्न गरिएको। | २०८२/०४/२९ गते। | राष्ट्रिय विकास समस्या समाधान उपसमितिको बैठकमा उठान गर्नुपर्ने विषयको खाका तयार भएको। | |
| ६. | शाखासँग सम्बन्धित दैनिक प्रशासनिक कार्य सम्पादन गरिएको। | निरन्तर। | समयमा नै र सजिलै कार्यसम्पादन भई प्रभावकारितामा वृद्धि भएको। | |
| ७. | Pre MDAC र MDAC बैठकको निर्णय कार्यान्वयनका लागि मातहतका निकाय र प्रदेश वन तथा वातावरण मन्त्रालयहरूसँग समन्वय गरिएको। | निरन्तर। | बैठकका निर्णय कार्यान्वयनमा सहयोग पुगी नतिजा प्राप्तिमा सहज भएको। | |
| ८. | केन्द्रीय अनुगमन तथा मूल्याङ्कन समिति/सचिव बैठक/संसदीय समितिको बैठक लगायतका बैठकको मन्त्रालयमा प्राप्त निर्णय तथा मन्त्रालयकै विभिन्न बैठकबाट भएका निर्णयको कार्यान्वयन प्रगति तयार गरी सम्बन्धित निकायमा उपलब्ध गराएइको। | निरन्तर। | कार्य प्रभावकारीता वृद्धिमा सहयोग पुगेको। | |
| ९. | राष्ट्रिय चुरे संरक्षण आयोजना अन्तर्गको चितवन क्लष्टर अन्तर्गत सञ्चालित क्रियाकलापको स्थलगत अनुगमन गरिएको। | २०८२/०६/२३-२९ | कार्यक्रम सञ्चालनमा देखिएका समस्याहरूबारे छलफल गरी समाधानको लागि सुझावहरू दिइएको। | |
| १०. | आर्थिक वर्ष २०८१/०८२ को मन्त्रालयको वार्षिक प्रगतिको मस्यौदा तयार गरी प्रकाशनको लागि स्वीकृति प्राप्त भएको। | २०८२/०६/३० | संस्थागत स्मृति कायम भएको। | |

३. वातावरण तथा जैविक विविधता महाशाखा

क. जैविक विविधता शाखा

- वायु गुणस्तर सम्बन्धी मापदण्डहरुको परिमार्जन सम्बन्धी कार्य
- प्लाष्टिक झोला (नियमन तथा नियन्त्रण) निर्देशिका परिमार्जन सम्बन्धी कार्य

- प्रयोगमा रहेका सवारीका साधनबाट हुने प्रदूषण सम्बन्धी मापदण्ड (In-use Vehicle Emission Standard) को मस्यौदा तयारी सम्बन्धी कार्य
- सवारी साधनको ध्वनी उत्सर्जनको सीमा सम्बन्धी मापदण्डको मस्यौदा उपर राय सुझाव संकलन सम्बन्धी कार्य
- पारो सम्बन्धि मिनामाता महासन्धि, ओजोन तह ह्रास गर्ने पदार्थ सम्बन्धी मोन्ट्रियल प्रोटोकलको किगाली संशोधन लगायतका वहुपक्षिय वातावरणीय सम्झौताहरुसँग सम्बन्धित कार्य

ख. वातावरणीय प्रभाव अध्ययन शाखा

ख.१. क्षेत्र निर्धारण प्रतिवेदन स्वीकृत भएका आयोजनाहरु :— ७

| सि.नं. | आयोजनाको नाम | ठेगाना | स्वीकृत मिति |
|---|---|---|---|
| १ | नेपाल-कोरिया मैत्री अस्पताल | ठिमि-०४, भक्तपुर | २०८२/०४/०८ SD/ToR मा स्वीकृत |
| २ | आइ.एम.ई होटल | लाजिम्पाट, काठमाडौं | २०८२/०४/१९ SD/ToR मा स्वीकृत |
| ३ | अन्तराष्ट्रिय रग्वी रंगशाला **SD TOR** | मनोहरा-०७, काठमाडौं | २०८२/०५/०१ SD/ToR मा स्वीकृत |
| ४ | जानकी मेडिकल कलेज | क्षिरेश्वरनाथ-१, रमदैया, धनुषा | २०८२/०५/०४ SD/ToR मा स्वीकृत |
| ५ | लुम्बीनी क्यान्सर अस्पताल | रुपन्देही/लुम्बिनी | २०८२/०५/१५ SD/ToR मा स्वीकृत |
| ६ | सिलगुरी-झापा पेट्रोलियम पाईपलाईन प्रजेक्ट | सिलगुरी-झापा | २०८२/०६/२८ SD/ToR मा स्वीकृत |
| ७ | कर्णाली प्रदेश प्रहरि तालिम केन्द्र | सुर्खेत/कर्णाली | २०८२/०६/२८ SD/ToR मा स्वीकृत |

ख.२. वातावरणीय अध्ययन प्रतिवेदन EIA स्वीकृत भएका आयोजनाहरु -२

- जलविद्युत तथा सिंचाइ आयोजना-२

| क्र.सं. | आयोजनाको नाम | ठेगाना | स्वीकृत मिति |
|---|---|---|---|
| १ | वेदा हस्पिटालिटी होटल (२७० वेड) | मायादेवी गा.पा-०४ रुपन्देही | २०८२/०४/०१ |
| २ | भगवानपुर गोवरडिहा ३४ किमी | कपिलवस्तु, दाङ्ग/लुम्बिनी | २०८२/०५/२१ |

ग. वातावरण मापदण्ड तथा अनुगमन शाखा

- मोन्ट्रियल प्रोटोकलको किगाली संशोधन अनुमोदन सम्बन्धी कार्य (प्रतिनिधि सभामा दर्ता भएको)
- प्लाष्टिक झोला प्रतिबन्ध सम्बन्धी कार्ययोजना, २०७८ बमोजिमका क्रियाकलापहरु (३ वटा कार्यविधिहरुको प्रारम्भिक मस्यौदा तयारी समेत)
- काठमाडौं उपत्यकाका लागि वायु गुणस्तर व्यवस्थापन कार्ययोजना, २०७६ बमोजिमका क्रियाकलापहरु
- पारो सम्बन्धि मिनामाता महासन्धिको अनुमोदन सम्बन्धी कार्य
- सवारी प्रदुषण सम्बन्धी मापदण्ड (यूरो ६ समेत) को परिमार्जन सम्बन्धी कार्य
- वायु गुणस्तर सम्बन्धी मापदण्डहरुको परिमार्जन सम्बन्धी कार्य
- प्लाष्टिक झोला (नियमन तथा नियन्त्रण) निर्देशिका परिमार्जन सम्बन्धी कार्य
- वातावरण संरक्षण नियमावली, २०७७ को संशोधन सम्बन्धी कार्य

## ४. जलवायु परिवर्तन व्यवस्थापन महाशाखा

महाशाखा अन्तर्गत गत गत तीन महिनाको अवधिमा भएका कार्यहरु देहाय बमोजिम छन्-

| क्र. सं. | क्रियाकलाप | मिति/समय/अवधि | मुख्य सहभागी | उपलब्धी | शाखा |
|---|---|---|---|---|---|
| १ | COP- 30 Thematic Position Paper तयार गरी श्रीमान् सचिव डा. राजेन्द्र प्रसाद मिश्रज्यूको नेतृत्वमा सहभागी हुने गरी तयारी भएको। | २०८२ कात्तिक २४ देखी मंसिर ४ गते सम्म । | सरकारी तथा गैर्ह सरकारी निकायका कर्मचारी, विज्ञहरू। | COP- 30 मा नेपालले आफ्नो अर्थपुर्ण सहभागी भई नेपालको एजेण्डाहरू प्रस्तुत हुने। | जलवायु परिवर्तन |
| २ | जलवायुजन्य हानीनोक्सानी कोषमा वित्त प्राप्ति तथा परिचालनका लागि आवस्यक संस्थागत तथा वित्तिय संयन्त्र सम्बन्धी गठीत कार्यदलको विभिन्न मितिमा बैठकहरु बसी कार्यदलबाट तयार पारिएको अन्तिम प्रतिवेदन स्वीकृत भई वित्तीय सहायता प्राप्तिका लागि NDRRMA र | मिति ०८२।०४।१९, २०८२।०५।१८ र २०८२।०६।०९ | वित्तीय संयन्त्र सम्बन्धी गठीत कार्यदलका सम्पुर्ण सदस्यहरु तथा आमन्त्रित कर्मचारीहरु | जलवायुजन्य हानीनोक्सानी कोषमा वित्त प्राप्ति तथा परिचालनका लागि अन्तिम प्रतिवेदन स्वीकृत भएको । | |

| क्र. सं. | क्रियाकलाप | मिति/समय/अवधि | मुख्य सहभागी | उपलव्धी | शाखा |
|---|---|---|---|---|---|
| | AEPC लाई संयुक्त रुपमा प्रस्ताव पेश गर्न अनुरोध गरिएको । | | | | |
| ३ | LDC Initiative For Effective Adaptation and Resilience Climate (LIFR-AR) मञ्चमा नेपाल सहभागी भई उक्त मञ्चको प्रस्तावित सहायता प्राप्त गर्नका लागि UNFCCC अन्तर्गत स्थापना भएका कोषहरु Green Climate Fund (GCF) र Adaptation Fund (AF) मा प्रमाणिकरण भई वन तथा वातावरण मन्त्रालय अन्तर्गतको संरचना भित्र रहेको NTNC लाई नेपाल सरकारको तर्फबाट त्रिपक्षीय सम्झौता प्रक्रिया अघि बढाउनका लागि वैदेशिक विकास सहायता शाखा मार्फत अर्थ मन्त्रालयमा सहमतिका लागि पेश गरिएको । | | "LIFE-AR Platform मा नेपालको सहकार्यका लागि MOU गर्ने सम्बन्धी विषयमा प्रारम्भिक अध्ययन प्रतिवेदन तयारीका लागि गठित सात सदस्यीय प्रारम्भिक अध्ययन टोली तथा जलवायु परिवर्तन व्यवस्थापन महाशाखाका कर्मचारीहरु | | |
| ४ | संयुक्त राष्ट्रसंघीय जलवायु परिवर्तन संरचना महासन्धि (UNFCCC) अन्तर्गतको वार्ता प्रक्रियामा सहभागी नेपाली वार्ताकार (Negotiators) हरूको क्षमता अभिवृद्धिका लागि तालिम सञ्चालन गर्न आवश्यक सहकार्य तथा समन्वय गरिएको। | | | | |
| ५ | मानव अधिकार सम्बन्धी राष्ट्रिय कार्ययोजना तथा विपद् जोखिम न्यूनीकरण राष्ट्रिय रणनीतिक कार्ययोजना (२०१८-२०३०) अन्तर्गत शाखासँग सम्बन्धित क्रियाकलापहरूको प्रगति विवरण | | | | |

| क्र. सं. | क्रियाकलाप | मिति/समय/अवधि | मुख्य सहभागी | उपलव्धी | शाखा |
|---|---|---|---|---|---|
| | नियमित रूपमा अद्यावधिक गरी मन्त्रालयमा पठाइएको। साथै, सूचनाको हकअन्तर्गत आएका अनुरोधहरूका जवाफहरू र प्रतिनिधि सभाका माननीय सदस्यहरूले सोधेका मौखिक प्रश्नहरूसँग सम्बन्धित जानकारीहरू पनि समयमै संप्रेषण गरिएको। | | | | |
| ६ | विभिन्न सरकारी, गैरसरकारी तथा विकास साझेदार संस्थाहरूसँग जलवायु परिवर्तनसम्बन्धी कार्यक्रमहरूमा सहजीकरण, समन्वय र सहकार्यको कार्य निरन्तर रूपमा जारी रहेको। | | | | |
| ७ | जलवायू नमुना कार्यविधी २०८२ तयार गरी स्वीकृत प्रक्रियामा रहेको | आर्थिक वर्ष २०८२/२०८३ | स्थानीय निकाय | स्थानीय अनुकुलन योजना ,सोह्रौं योजना तथा जलवायु नीति कार्यन्वयनमा सहज हुने | अनुकुलन |
| ८ | Capacity building training accessing climate finance for water project in Nepal सम्बन्धी IWMI को आयोजनामा र वन तथा वातावरण मन्त्रालयको सहकार्यमा नगरकोटमा सम्पन्न । | मिति २०८२/०६ २८ देखि २९ सम्म | वन तथा वातावरण मन्त्रालय ,उर्जा मन्त्रालय, जलस्रोत तथा सिंचाई मन्त्रालय ,NTNC, अर्थ मन्त्रालय, विभिन्न INGO, NGO | GCF प्रक्रिया वारे जानकारी हुने तथा वाटर रिसोर्सेज का परियोजना तयारीमा सहयोग पुग्ने | |

| क्र. सं. | क्रियाकलाप | मिति/समय/अवधि | मुख्य सहभागी | उपलव्धी | शाखा |
|---|---|---|---|---|---|
| ९ | Adaptation Fund Board का निर्णयहरु कार्यन्वयन एंव सहजीकरण (NTNC, WMO, WFP बाट पेश भएका परियोजना अवधारणा पत्रको पृष्ठपोषण र सहजीकरण) । | पटक पटक | अर्थ मन्त्रालय, वन तथा वातावरण मन्त्रालय, NTNC, WMO, WFP | Adaptation Fund Board वाट adaptation fund सम्बन्धित निकायमा प्राप्त भई अनुकूलनमा सहयोग हुने । | |
| १० | NDCIP सम्बन्धि अन्तर मन्त्रालय छलफल/अन्तरक्रिया सम्पन्न गरी NDCIP प्रारम्भिक मस्यौदाको अन्तरक्रिया संचालन गर्ने अवस्थामा रहेको । | २०८१/०४/२८ | वन तथा वातावरण मन्त्रालय, अन्य बिषयगत मन्त्रालयहरु, अन्य सरकारी तथा गैह्र सरकारी निकायहरु, विकास साझेदार निकायहरु, विज्ञ, लगायत अन्य निकायहरु । | NDCIP को मस्यौदा तर्जुमा । | जलवायु प्रविधि |
| ११ | NCCSP-II को बेरुजु फछ्यौंट सम्बन्धि कार्य अघि बढाइएको। | | | ९ करोड ४२ लाख बेरुजु नियमित । | |
| १२ | NCCSP-II को खर्च समर्थन/श्रोतान्तरण कार्य अघि बढाइएको। | मिति २०८२ असार ७ दखि निरन्तर। | वन तथा वातावरण मन्त्रालय, अन्य बिषय मन्त्रालयहरु, सरकारी तथा गैह्र सरकारी निकायहरु, विकास साझेदार | बहुसरोकारवाला विषयगत मन्त्रालय, गैह्र सरकारी निकायहरु, विकास साझेदार निकायहरु, विज्ञ, लगायत अन्य निकायहरु | |

| क्र. सं. | क्रियाकलाप | मिति/समय/अवधि | मुख्य सहभागी | उपलब्धी | शाखा |
|---|---|---|---|---|---|
| | | | निकायहरु, विज्ञ, लगायत अन्य निकायहरु । | सँग छलफल गरि कार्यन्वयन योजना तर्जमा गर्नको लागि कार्यसुची (TOR) तथा Worksheets तयार गरी प्रारम्भिक मस्यौदा तयारी । | |
| १३ | RAIN आयोजना सम्बन्धि कार्यमा सहजिकरण एंव समन्वय । | २०८१ श्रावण देखि निरन्तर | वन तथा वातावरण मन्त्रालय, परामर्शदाता, विज्ञ कर्मचारी तथा सरोकारवाला निकायहरु | जलवायु वित्त परिचालन गर्न प्रस्तावना तयार । | |
| १४ | सरकारी, गैरसरकारी एवम् दातृ निकायहरुसँग CC सम्बन्धित कार्यमा सहजीकरण, समन्वय र सहकार्य निरन्तर सञ्चालन। | निरन्तर | महाशाखा | | |
| १५ | जलवायु प्रविधि सम्बन्धि कार्य सञ्चालन गर्न सहकार्यका लागि दातृ निकायसँग अन्तरक्रिया। | २०८२/०३/२३ | महाशाखा | | |
| १६ | NDC 3.0 को प्रचार प्रसार एवम् NDC 3.0 अनुसार कार्य अघि बढाउन सबै सरकारी निकायहरुमा सहजीकरण। | निरन्तर | महाशाखा प्रमुख/शाखा प्रमुख | संचार/समन्वय/सहजीकरण भएको। | |

| क्र. सं. | क्रियाकलाप | मिति/समय/अवधि | मुख्य सहभागी | उपलव्धी | शाखा |
|---|---|---|---|---|---|
| १७ | UNFCCC र अन्तर्गत द्विपक्षिय/बहुपक्षिय बैठकहरुमा भाग लिई नेपालको CC को मुद्दालाई अन्तराष्ट्रिय तहमा बहस पैरवी सम्बन्धि कार्य जारी। | सन् २०२५ जुन १६ देखि २५ | वन तथा वातावरण मन्त्रालय | | |
| १८ | NDC Partnership सम्बन्धि आयोजना अवधारणापत्र तयार गरि अर्थ मन्त्रालयमा पेश गरेको । | | महाशाखा | | |
| १९ | NDC Partnership (साझेदारी) कार्यक्रम अन्तर्गत अर्थ मन्त्रालयबाट सहमति प्राप्त गरी NDC Partnership को कार्यालयमा US $ 3.5.Million को कार्यक्रम र बजेट प्राप्त गर्ने प्रक्रियाका लागि UNFCCC NDC Partnership को Website मा सुचना प्रकाशित गरिएको । | | | | |
| २० | कार्वन व्यापार नियमावली, २०८२ को मस्यौदामा कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयको तर्जुमा सहमति प्राप्त भई स्वीकृतिको लागि मन्त्रिपरिषद्मा पेश गर्ने प्रकृयामा रहेको। | मिति २०८२ कात्तिक २४ गते | वन तथा वातावरण मन्त्रालय | | स्वच्छ संयन्त्र शाखा |
| २१ | Climate Change Budget Tagging Reference Book को छपाई कार्य सम्पन्न भई वितरणको अवस्थामा रहेको | असोज महिना | ADPC को सहयोगमा छपाई कार्य भएको | | |

| क्र. सं. | क्रियाकलाप | मिति/समय/अवधि | मुख्य सहभागी | उपलब्धी | शाखा |
|---|---|---|---|---|---|
| २२ | नेपाल सरकार र कोरियाली सरकार बीच Framework Agreement for Cooperation on Climate Change | २०८२/०४/२२ मा छलफल २०८२/०६/८ मा परराष्ट्र मन्त्रालय पठाईएको | महाशाखा | कोरियाली राजदुतावासका प्रतिनिधिहरु सँग सम्झौता बारे छलफल, विभिन्न सरोकारवाला मन्त्रालयहरुको उक्त सम्झौतामा सहमति प्राप्त भई जानकारीका लागि परराष्ट्र मन्त्रालय मार्फत कोरियन राजदुतावासमा पठाइएको | |
| २३ | कार्बन रजिष्ट्रि सफ्टवेयर संचालन डेमोन्सट्रेसन सम्बन्धी बैठक सम्पन्न | २०८२/०४/३० | महाशाखाका कर्मचारीहरु | UNDP को सहयोगमा विकास गरिएको कार्बन रजिष्ट्रि सफ्टवेयरको बारेमा सामान्य जानकारी प्राप्त भएको | |
| २४ | पेरिस सम्झौताको दफा १३ बमोजिम UNFCCC का सदस्य राष्ट्रहरुले दुई दुई वर्षमा पेश गर्नुपर्ने Biennial Transparency Report (BTR) तयारी भई UNFCCC मा बुझाईएको । | २०८१ श्रावण देखि निरन्तर | वन तथा वातावरण मन्त्रालय, परामर्शदाता, विज्ञ कर्मचारी तथा | नेपालले जलवायु परिपवर्तनको कार्यहरू, वर्तमान हरित गृह ग्यासको उत्सर्जनको | उत्सर्जन शाखा |

| क्र. सं. | क्रियाकलाप | मिति/समय/अवधि | मुख्य सहभागी | उपलब्धी | शाखा |
|---|---|---|---|---|---|
| | | | सरोकारवाला निकायहरु | अवस्था, प्राप्त गरेका सहयोग लगायत बहुआयामिक विषयका पारदर्शिताका साथ पेश भएको। | |
| २५ | पेरिस सम्झौता अनुरुपका प्रतिवेदन तयारी तथा तथ्यांक संकलन, जलवायु परिवर्तन प्रतिवेदन तयारीमा विभिन्न सरकारी तथा गैर सरकारी संस्थाको भूमिका तथा कानुनी आधारहरु समेटिएको National Measurement Reporting and Verification (MRV) प्रतिवेदन तयारी । | २०८२ बैशाख देखी निरन्तर | वन तथा वातावरण मन्त्रालय, WWF, परामर्शदाता, विज्ञ कर्मचारी तथा सरोकारवाला निकायहरु | जलवायु परिवर्तन क्षेत्रमा संकलन गर्नु पर्ने तथ्यांकहरुको श्रोत, संलग्न विज्ञ तथा कार्यालयको पहिचान र पेश गर्नु पर्ने प्रतिवेदनका लागी आधार तयार । | |
| २६ | पेरिस सम्झौता, Enhanced Transparency Framework, BTR प्रतिवेदन सम्बन्धी मन्त्रालयमा प्रस्तुतीकरण तथा समिक्षा । | २०८२ बैशाख देखी निरन्तर | जलवायु परिवर्तन व्यवस्थापन महाशाखा | Enhanced Transparency Framework को समिक्षा तथा विस्त्रितिकरण । | |
| २७ | Biennial Update Report (BUR) तयारीको चरणमा रहेको । | २०८२ श्रावन देखी निरन्तर | जलवायु परिवर्तन व्यवस्थापन महाशाखा, विज्ञ कर्मचारी तथा | नेपालले जलवायु परिपवर्तनको कार्यहरू, वर्तमान हरित गृह ग्याँसको उत्सर्जनको अवस्था, | |

| क्र. सं. | क्रियाकलाप | मिति/समय/अवधि | मुख्य सहभागी | उपलव्धी | शाखा |
|---|---|---|---|---|---|
| | | | सरोकारवाला निकायहरु | न्यूनीकरणका उपाय तथा उपलब्धीहरु र प्राप्त गरेका सहयोग लगायत बहुआयामिक विषयका पारदर्शिताका साथ पेश भएको। | |
| २८ | BTR परियोजनाको म्याद थप | २०२६ डिसेम्बर सम्मका लागी | MOFE, UNEP, GEF | BTR परियोजनाको बाँकी कार्यक्रम तथा बजेटको संचालन आगामी २०२६ को डिसेम्बर सम्ममा गर्न सकिने। | |

## ५. वन तथा जलाधार महाशाखा

महाशाखाले राष्ट्रिय प्राथमिकता प्राप्त योजनाका लागि राष्ट्रिय/सरकारी वन क्षेत्र उपलब्ध गराउने सम्बन्धी कार्य गर्दछ । गत बैशाखदेखि असारसम्म तीन महिनामा विभिन्न आयोजनाको लागि प्रयोग गर्न जग्गा उपलब्ध गराइएको योजनाहरूको बिवरण निम्न रहेका छन् ।

| प्रस्तावकको नाम | योजनाको नाम | स्थान | उपलब्ध गराईएको वनको क्षेत्रफल (हेक्टर) | | | हटाईने रूखविरूवा संख्या | समयावधी (वर्ष) | मन्त्रिपरिषदको निर्णय मिति | कै |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | स्थायी | अस्थायी | जम्मा | | | | |
| लालुपाते हाइड्रोपावर कम्पनी प्रा.लि. | दानाखोला जलविद्युत आयोजना (४९.९५ मे.वा.) | मनाङ जिल्लाको नासो गा.पा. वडा नं. २ | ४.८००० | | | ३९५ | | म.प.बै.सं. १८/०८२ मिति २०८२/४/७ | |

| प्रस्तावक को नाम | योजनाको नाम | स्थान | उपलब्ध गराईएको वनको क्षेत्रफल (हेक्टर) | | | हटाईने रूखविरूवा संख्या | समयावधी (वर्ष) | मन्त्रिपरिषदको निर्णय मिति | कै |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | स्थायी | अस्थायी | जम्मा | | | | |
| | | मा रहेको राष्ट्रिय वन | | | | | | | |
| नेपाल विद्युत प्राधिकरण | बलेफी कोरिडोर १३२ के.भि. प्रसारण लाईन आयोजना | सिन्धुपाल्चोक जिल्लाको जुगल गा.पा. वडा नं. ४ र ६ तथा बाहबिसे न.पा. वडा नं. ३, ४, ७, ८ र ९ मा रहेको राष्ट्रिय वन | ९.८७५७ | | | ९५१ | | म.प.बै.सं. १८/०८२ मिति २०८२/४/७ | |
| जलशक्ति हाइड्रो कम्पनी लिमिटेड | इलेप (तातोपानी) खोला जलविद्युत आयोजना () | धादिङ जिल्लाको रूवीभ्याली गा.पा. वडा नं. ४ मा रहेको राष्ट्रिय वन | ३.६३२० | | | ५०७ | | म.प.बै.सं. २०/०८२ मिति २०८२/४/१८ | |
| युनाइटेड मेवाखोला हाइड्रोपावर लिमिटेड | मेवाखोला जलविद्युत आयोजनाको १३२ के.भि. प्रसारण लाईन आयोजना | ताप्लेजुङ्ग जिल्लाको मेरिङदेन गा.पा. वडा नं. ३ मा रहेको राष्ट्रिय वन | ३.३७०० | | | ५९० | | म.प.बै.सं. २०/०८२ मिति २०८२/४/१८ | |
| | | | | | | | | | |

६. सहभागिता मूलक वन महाशाखा

महाशाखा अन्तर्गत गत गत तीन महिनाको अवधिमा भएका कार्यहरु देहाय बमोजिम छन्-

| क्र.सं. | कृयाकलापहरु | मिति | उपलब्धि | कै |
|---|---|---|---|---|
| १. | सगरमाथा वृक्षरोपण महाअभियान लोगो तयारी, प्रयोग तथा सचिवालय स्थापना । | २०८२/०४/१२ | • सगरमाथा वृक्षरोपण महाअभियान प्रचार प्रसारका लागि लोगो तयार भई प्रयोगमा आएको ।<br>• यस मन्त्रालयको सहभागितामूलक वन महाशाखाको कोठा नं. ५०८ मा यस महाअभियानको सचिवालय स्थापना भएको । | |
| २. | सगरमाथा वृक्षरोपण महाअभियान हरेक वर्ष आषाढ १४ देखि श्रावण १५: २०८२-२१०२ (तदनुसार २०२५-२०४५) । | आषाढ १४ देखि श्रावण १५: २०८२ | • सम्बन्धित सबै संवैधानिक आयोगहरु ,संघीय मन्त्रालयहरु सबै प्रदेश वन मन्त्रालय, एवम यस मन्त्रालय मातहतका सबै निकाय तथा वन तथा वातावरण का क्षेत्रमा काम गर्ने विभिन्न संघ/संस्थासंग महाअभियान अन्तर्गत गरिएका वृक्षरोपणको तथ्याङ्क माग गरी पत्राचार गरिएको ।<br>• यस अभियान अन्तर्गत विभिन्न प्रजातिका जम्मा २८४९१४ वृक्षरोपण भएको तथ्याङ्क प्राप्त भएको । | |
| ३. | विश्व जलवायू परिवर्तनको असरलाई न्यूनीकरण गरौ, वन वातावरण र पर्यावरणयुक्त सामाग्री प्रयोग | २०८२/०४/१८ | • विश्व जलवायू परिवर्तनको असरलाई न्यूनीकरण गरौ, वन वातावरण र पर्यावरणयुक्त सामाग्री प्रयोग गरौ भन्ने मागका साथ बाँस र अन्य स्थानीय उत्पादित सामाग्रीको प्रवर्द्धन र उपयोग लगायत अन्य विविध विषयका माग राखी आमरण अनशनरत दिक्तेल रुपाकोट मझुवागढीका नगरप्रमुख श्री तीर्थराज भट्टराई समेत नगरपालिकाको | |

| | | | | |
|---|---|---|---|---|
| | गरौ भन्ने विषयमा समझदारी | | निर्णय अनुसार नगरपालिकाका तर्फबाट वार्ता संयोजक श्री दिनेश कुमार घिमिरे र नेपाल सरकार वन तथा वातावरण मन्त्रालय, शहरी विकास मन्त्रालय लगायतका पदाधिकारीहरुबीच १६ बुँदे समझदारी पत्रमा हस्ताक्षर भएको । | |
| ४. | गणेशमान सिंह सामुदायिक वन राष्ट्रिय पुरस्कार । | २०८२/०४/२३ | • गणेशमान सिंह सामुदायिक वन राष्ट्रिय पुरस्कार कार्यविधि तथा गणेशमान सिंह सामुदायिक वन राष्ट्रिय पुरस्कार छनौट र मुल्यांकन समितिको निर्णयानुसार प्राप्त अङ्कको आधारमा तपसिल बमोजिमका सामुदायिक वन उपभोक्ता समुहहरुलाई पुरस्कृत गरिएको ।<br>तपशिल<br>• देविझोडा सामुदायिक वन उपभोक्ता समुह, मोरङ्ग - प्रथम<br>• मधुवन सामुदायिक वन उपभोक्ता समुह, तनहु - दोस्रो<br>• लगलगेपाखा सामुदायिक वन उपभोक्ता समुह, काठमाण्डौ - तेस्रो<br>• नवजागृती सामुदायिक वन उपभोक्ता समुह, चितवन -सान्त्वना<br>• नन्दन सामुदायिक वन उपभोक्ता समुह, नवलपुर - सान्त्वना<br>• हरियाली सामुदायिक वन उपभोक्ता समुह, कन्चनपुर -सान्त्वना<br>• खोरथली सामुदायिक वन उपभोक्ता समुह, दोलखा -सान्त्वना | |

| | | | | |
|---|---|---|---|---|
| ५. | राष्ट्रिय बाँस मिसन कार्यक्रम । | २०८२/०५/१२ | • राष्ट्रिय बास तथा बेत रणनीति, २०८१ कार्यान्वयनका लागि आगामि आ.व. देखि बाँसको प्रवर्द्धन तथा विकास गर्न राष्ट्रिय बाँस मिसन कार्यक्रम सञ्चलानार्थ अवधारणा पत्र तयारीका लागि वन अनुसन्धान तथा प्रशिक्षण केन्द्र बबरमहल, काठमाण्डौका महा निर्देशकज्यूको संयोजकत्वमा एक कार्यदल गठन गरिएको । | |

९ सूचना अधिकारी र प्रमुखको नाम र पद

| प्रमुखको नाम र पद | सूचना अधिकारीको नाम र पद |
|---|---|
| डा. राजेन्द्र प्रसाद मिश्र<br>सचिव | बाबुराम घिमिरे<br>उप-सचिव |

१० ऐन, नियम, विनियम वा निर्देशिकाको सूची

मन्त्रालयको कार्य क्षेत्रसंग सम्बन्धित ऐन, नियम, विनियम वा निर्देशिका निम्न बमोजिम छन्-

- सामुदायिक वनको मार्गदर्शन, २०८१
- प्रदेशहरुबाट सञ्चालन गरिने संघीय सशर्त अनुदानका कार्यक्रहरुको कार्यान्वयन कार्यविधि, २०८१
- वन्यजन्तु बासस्थान व्यवस्थापन कार्यविधि, २०८०
- व्यवसायिक रुपमा वन्यजन्तुको पालन, प्रजनन् तथा उपयोग सम्बन्धी मापदण्ड, २०८०
- वन्यजन्तु अपराध नियन्त्रण आदेश, २०८०
- वन ऐन, २०७६र वन नियमावली, २०७९
- वातावरण संरक्षण ऐन, २०७६ र नियमावली, २०७७
- राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९
- संकटापन्न वन्यजन्तु तथा बनस्पतिको अन्तराष्ट्रिय व्यापार नियन्त्रण ऐन, २०७३ र नियमावली, २०७६
- संकटापन्न वन्यजन्तु तथा बनस्पतिको अन्तर्राष्ट्रिय व्यापार नियन्त्रण नियमावली, २०७६
- राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण नियमावली, २०३०
- राष्ट्रिय प्रकृति संरक्षण कोष ऐन, २०३९
- वातावरण संरक्षण ऐन, २०७६ तथा वातावरण संरक्षण नियमावली, २०७७
- भू तथा जलाधार संरक्षण ऐन, २०३९ तथा नियमावली, २०४१
- नेपाल वन सेवा (गठन, समूह, तथा श्रेणी) विभाजन र नियुक्ति नियमहरु,२०५१
- मध्यवर्ती क्षेत्र व्यवस्थापन नियमावली, २०५२

- संरक्षण क्षेत्र सरकारी व्यवस्थापन नियमावली, २०५७
- संरक्षण क्षेत्र व्यवस्थापन नियमावली, २०५३
- वन्यजन्तु आरक्ष नियमावली, २०३४
- हिमाली राष्ट्रिय निकुञ्ज नियमावली, २०३६
- खप्तड राष्ट्रिय निकुञ्ज नियमावली, २०४४
- बर्दिया राष्ट्रिय निकुञ्ज नियमावली, २०५३
- कञ्चनजङ्गा संरक्षण क्षेत्र व्यवस्थापन नियमावली, २०६४
- शिवपुरी नागार्जुन राष्ट्रिय निकुञ्ज नियमावली, २०७६
- काठ दाउरा संकलन तथा बिक्रि वितरण निर्देशिका, २०७३
- समुदायिक वनउपभोक्ता समुहको आर्थिक कार्यविधि निर्देशिका ,२०७३
- राष्ट्रिय प्राथमिकता प्राप्त योजनाको लागि राष्ट्रिय वन क्षेत्र प्रयोग गर्ने सम्बन्धी कार्यविधि,२०७४
- सामुदायिक वनको काठ दाउरा संकलन तथा बिक्रि वितरण निर्देशिका, २०७१
- वन्यजन्तुबाट हुने क्षतिको राहत सहयोग निर्देशिका, २०६९
- सामुदायिक वनको निर्देशिका,२०५२
- खोटो संकलन (कार्यविधि) निर्देशिका, २०६४
- जिल्ला वन पैदावर आपूर्ति समितिको (कार्यविधि) निर्देशिका, २०६३

## ११ मन्त्रालयले प्राप्त गरेको बैदेशिक सहायता, ऋण, अनुदान सम्बन्धी विवरण

आ. व. २०८२/२०८३ को लागि यस मन्त्रालयले प्राप्त गरेको वैदेशिक सहायता, ऋण, अनुदान सम्बन्धी विवरण

- नर्वेजियन सरकारको Energy for Development (EfD) Program को लागि प्राविधिक सहायता माध्यमबाट ५ वर्षको लागि ३.७५ मिलियन अमेरिकी डलर वैदेशिक सहायता प्राप्त गरेको।
- Global Environment Facility (GEF) अन्तर्गतको Restoration of Forests and Mountain Ecosystem (ReFAME) in Far West Nepal परियोजनाको लागि (४ वर्षको लागि) २३४६४८३ अमेरिकी डलर सहयोग प्राप्त भएको।
- Forest and Farm Facility (FFF) Phase II climate resilient landscape and Improved Livelihood परियोजनाको १ वर्ष म्याद थप सहित १,८२,००० अमेरिकी डलर सहयोग प्राप्त भएको।
- विश्व बैंकको Forest Carbon Partnership Facility (FCPF) को REDD+ Emission Reductions Payment Agreement (ERPA) अन्तर्गत तराई भू परिधिमा करिब १८.८ लाख टन उत्सर्जन न्यूनीकरण वापत पहिलो किस्ता वापत ९.४ मिलियन अमेरिकी डलर भुक्तानी प्राप्त भएको।

## १२. मन्त्रालयको सूचनाहरु अन्यत्र प्रकाशन भएका वा हुने भएको भए सोको विवरण

यस मन्त्रालयका सूचनाहरु अद्यावधिक रुपमा मन्त्रालयको Website: www.mofe.gov.np मा अपलोड गर्ने र कतिपय सूचनाहरु सूचनापाटीमा पनि टाँस गर्ने गरिएको छ ।साथै मातहतका निकायहरुले पनि आफ्ना सूचनाहरु आ-आफ्ना website मा अद्यावधिक गर्ने गरेका छन् ।

## सूचनाको हक सम्बन्धी नियमावली, २०६५ को नियम ३ बमोजिमको विवरण

क. अघिल्लो आर्थिक वर्षमा सञ्चालन गरेको कार्यक्रम वा आयोजना

आर्थिक वर्ष २०८१/८२ मा वन तथा वातावरण मन्त्रालयको लागि चालु तर्फ रु ८ अर्ब ६१ करोड ९९ लाख र पूँजीगततर्फ रु ३ अर्ब ४३ करोड ९७ लाख गरी कुल जम्मा विनियोजित वजेट रु १२ अर्ब ५ करोड ९६ लाख रहेको थियो । विनियोजित वजेटमा चालुतर्फ ८२.६६ प्रतिशत (रु ७ अर्ब १२ करोड ५४ लाख ६८ हजार) र पूँजीगततर्फ ७२.७२ प्रतिशत (रु. २ अर्ब ५० करोड १४ लाख १६ हजार) गरी कुल जम्मा वजेट ७९.८३ प्रतिशत (रु. ९ अर्ब ६२ करोड ६८ लाख ८६ हजार) खर्च भएको छ ।

ख. मन्त्रालयको वेभसाईट र इमेल

- www.mofe.gov.np
- Email: info@mofe.gov.np

ख १. मन्त्रालयले संचालन गरेको कार्यक्रम र सोको प्रगति प्रतिवेदन

मन्त्रालयले संचालन गरेको कार्यक्रमको विवरण खण्ड ८ मा र एकमुष्ट प्रगति माथि खण्ड क मा उल्लिखित छ ।

ख २. मन्त्रालयले वर्गीकरण तथा संरक्षण गरेको सूचनाको नामावली र त्यस्तो सूचना संरक्षण गर्न तोकिएको समयावधि

- वर्गीकरण र संरक्षणको विशेष व्यवस्था हालसम्म नगरिएको तर प्रचलित ऐन नियमानुसार अन्य कार्य गर्ने गरिएको ।

ख ३. मन्त्रालयमा परेका सूचना माग सम्बन्धी निवेदन र सोउपर सूचना दिइएको विषय

१. रुख कटान र खेर गइरहेको काठजन्य वस्तुहरुको तथ्याङ्क
२. वातावरणीय प्रभाव मुल्याङ्कन/EIA का विषयहरु
३. डढेलो, अनधिकृत कब्जा, तस्करी लगायतको कारण वन विनासको तथ्याङ्क
४. कर्मचारीको विवरण, पदाधिकारी तथा कर्मचारीहरुको वैदेशिक भ्रमणको विषय
५. समसामयिक विषय र सामान्य जानकारी- जस्तो: मन्त्रालयको कामकाज, मन्त्री सचिवको समयमा पदस्थापन नभएको विषय, मन्त्रालयमा सुशासनको अवस्था लगायत अन्य सामान्य जानकारी
६. ऐन कानुन तथा कार्यविधि समयमा नआएको विषय
७. अभिलेख सम्बन्धि विषयहरु

ग. मन्त्रालयका सूचनाहरु अन्यत्र प्रकाशन भएका वा हुने भएको भए सोको विवरण

- वेभसाइट, सूचनापाटी वा कतिपय सूचना सार्वजनिक पत्रपत्रिकामा प्रकाशन हुने गरेको ।

समाप्त